# इन फोकस

मासिक न्यूजलेटर

अंक १७। फेब्रुअरी, २०२३


## छोरीले आमालाई बनाइदिएको प्यानलको होमस्टे





वरिपरि जस्ता र ढुंगाले छाएका छानाका घरहरू । तर, बीचमा एउटा घर छ । जुन घर एसवाई प्यानलबाट बनेको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकाकी मिन कुमारी गुरुङलाई छोरीले बनाइदिएको प्यानलको घर हो यो । जहाँ उनले "होमस्टे" चलाएकी छिन् । होमस्टे सञ्चालन गरेको दुई वर्ष भयो, पाहुना र छर छिमेकीले दिएको प्रतिक्रियाले दंग छिन् मिन कुमारी ।

"छोरी ज्वाइँले बनाइदिएको हो । बस्न आनन्द छ । ज्वाइँ कोरियामै हुनुन्छ," खुसी हुँदै उनले भनिन्, "होमस्टेमा आउने पाहुनाले रमाइलो भयो कति राम्रो भन्नुहुन्छ ।"

> “ पाहुनाले सुरूमा कस्तो घरमा लैजाने होला भनेर सशंका व्यक्त गर्छन् । तर होमस्टेमा आएपछि पाहुनाले ‘वाओ’ भन्छन् ”

पाहुनाले सुरूमा कस्तो घरमा लैजाने होला भनेर सशंका व्यक्त गर्छन् । “तर होमस्टेमा आएपछि पाहुनाले “वाओ” भन्छन्,” मिन कुमारीले सुनाइन् ।

ढुंगा माटो र काठको घर जस्तो कुहिला, खिया लाग्ला भन्ने डर छैन उनलाई । “जाडोमा न्यानो, गर्मीमा शितल हुन्छ । काठ कुहिएला भन्न छैन,” उनी भन्छिन् ।

# २२ लाखमा होमस्टे तयार



मिन कुमारीको यो होमस्टे हाइलाइन इन्जिनियरिङ कन्स्ट्रक्सनले बनाएको हो ।

कन्स्ट्रक्सनले बनाइ सकेको घर मिन कुमारीको परिवारलाई देखाएपछि बनाउन राजी भएका हुन् । “सुरूमा डिजाइन देखायौं । एक दुई दिन सोच्नु भयो । चित्त बुझेपछि बनाएका हौं,” कन्स्ट्रक्सनका प्रतिनिधि नविन सुनारले भने, “दुई महिनामा तयार गरेका हौं ।”

उक्त होमस्टे ९ सय स्क्वायर फिटमा बनाइएको छ । “ओरेन्ज कलरको जिङ्क प्रोफाइल र आरपी प्यानल प्रयोग गरिएको छ । एउटा हल, तीनवटा कोठा, बाथ्रुम सबै फिनिसिङ गर्दा २२ लाख लागेको छ,” उनले भने

दुई वर्षअघि बनाएको घरमा हालसम्म कुनै समस्या नदेखिएको बताउँछिन् मिन कुमारी ।
“अहिलेसम्म कुनै समस्या देखिएको छैन । बनाउन सजिलो राम्रो चिटिक्कको प्यानलको घर सबैले बनाए हुन्थ्यो,” उनले भनिन्, “यो घर देखेर बनाउँछु भन्नेहरू हुनुहुन्छ ।”

# कस्ता-कस्ता प्यानल उत्पादन हुन्छ ?



**“नेपालको पूर्व, पश्चिम, हिमाल, पहाड, तराई सबैतिर लैजान सजिलो हुने भएकाले फ्याक्ट्री चितवनामा बनाएका हौँ”**

एसवाई प्यानलको घर बनाउने उपभोक्तको संख्या बढेसँगै कम्पनीले प्यानलको उत्पादन पनि बढाएको छ । नेपालको मध्यभाग चितवनस्थित कम्पनीले करिब ८० वडा डिलरका लागि चाहिने प्यालनहरू उत्पानदन गर्दै आएको छ । २०१७ मा स्थापना भएको कम्पनीले २०१८ को मेबाट प्यानलको उत्पादन सुरु गरेको हो।

“प्यानलको लागि चाहिने कच्चा पदार्थ कोरियाबाट ल्याउँछौ,” कम्पनी म्यानेजर अनिल सापकोटाले भने, “नेपालको पूर्व, पश्चिम, हिमाल, पहाड, तराई सबैतिर लैजान सजिलो हुने भएकाले कम्पनी चितवनामा बनाएका हौँ ।”

२०७२ को भुकम्पले नेपालमा धेरै भवनहरू भत्किए । र, भुकम्प प्रतिरोधात्मक भवनहरू बनाउनु पर्ने भएपछि कोरियन प्रविधिको प्यानलको घरहरू नेपाल भित्र्याइएको हो । जसमा एपिएस र पफ प्यानलको प्रयोग गरिएको हुन्छ । दुबै प्रकारको प्यानल हाल चितवनस्थित कम्पनीमा उत्पादन हुन्छ ।

इपिएसमा पनि चार प्रकारका प्यानलहरु उत्पादन हुने गरेको बताउँछन् म्यानेजर सापकोटा । पार्टेसन वाल, आरपी प्यानल, उड प्यानल र जिङ्क प्यानल उत्पादन गरिन्छ । रुफको लागि तीन वटा ब्लू, ओरेन्ज र पिङ्क कलरको प्यानल उत्पादन हुने गरेको छ । म्यानेजर सापकोटाका अनुसार कम्पनीमासबै गरेर ७ वटा प्यानल उत्पादन हुन्छ ।




"प्यानलहरु भुकम्प प्रतिरोधात्मक र तापक्रम मेन्टेन हुने गरी बनाइएको हुन्छ," उनले भने,

"प्यानलको माग पछिल्लो तीन वर्षमा बढेको छ ।" कम्पनीमा स्टिलको ढोका, प्यानलको ढोका र झ्याल पनि उत्पादन हुन्छ । "पानीले भिज्ला पनि ५-१० वर्षसम्म पनि खिया लाग्दैन," म्यानेजर सापकोटा भन्छन्, "गुणस्तरीय प्यानल हुन्छ ।"




दिनमा करिब १ हजार मिटर प्यालन उत्पादन हुने गरेको छ । कोरियाबाट आएको सामानलाई जडान मात्र गर्ने भएकाले कम्पनी ठूलो भएपनि कम जनशक्ति भए पुग्ने बताउँछन् म्यानेजर सापकोट । हाल ३० जना जनशक्तिले दैनिक १ हजार मिटर प्यानलको उत्पादन गर्दै आएका छन् । "कोरियाबाट आधि फिनिसिङ भएर आएको हुन्छ । यहाँ जडान गरेर डिलरको माग अनुसार पठाउने हो," उनले भने ।

# कति पर्छ प्यानलको मूल्य ?

कति पैसा पर्छ भनेर धेरैलाई जिज्ञासा लागेको होला । कम्पनीका अनुसार स्क्वायर फिटको आधारमा मूल्य निर्धारण गरिएको हुन्छ । एक स्क्वायर फिटको २८० बाट सुरु भएर साढे ५ सयसम्म पर्छ । सस्तो र गुणस्तरीय हुने भएकाले प्यालनको घरहरु प्रयोग गर्न सुझाउँछन् म्यानेजर सापकोटा । "प्यानलको घरमा धुलो हुँदैन । तापक्रम राम्रो हुन्छ । ठूलो भुकम्प आयो भने पनि भवनले किचेर ज्यान जाने जोखिम हुँदैन," उनी भन्छन् ।

# FEBRUARY SALES

| SN | DEALER NAME | DEALER LOCATION | SQ FT |
|---|---|---|---|
| 1 | A.R.K.ARK ENGINEERING & CONSTRUCTION PVT.LTD | CHITWAN | 16,676.60 |
| 2 | AASHRIYA NIRMAN SEWA PVT.LTD | CHITWAN | 7,374.19 |
| 3 | B & B HOUSING AND LAND DEVELOPMENT PVT.LTD | CHITWAN | 2,192.44 |
| 4 | CHHAR NEPAL CONSTRUCTION PVT LTD | KAVRE | 51,106.75 |
| 5 | CONSOLIDATED ENGINEERING BUILD PVT.LTD | BIRATNANAGAR | 4,315.09 |
| 6 | DHARAN STEEL FABRICATOR WORKSHOP | DHARAN | 15,987.75 |
| 7 | EVEREST TO SEA CONSTRUCTION PVT.LTD | POKHARA | 22.60 |
| 8 | HIGH LINE ENGINEERING AND CONSTRUCTION | POKHARA | 6,572.03 |
| 9 | HIMAL HOUSING & CONSTRUCTION COMPANY PVT.LTD | CHITWAN | 5,952.40 |
| 10 | J.D THANGSANG ECO HOMES PVT.LTD | ITAHARI | 776.84 |
| 11 | JALPA DEVI GRIL UDHYOG | DANG | 375.61 |
| 12 | KATHMANDU INNOVATIVE SOLUTIONS PVT.LTD | KATHMANDU | 4.52 |
| 13 | KOREAN BUILDERS PVT.LTD | KATHMANDU | 34,941.46 |
| 14 | KTM BUILDERS PVT.LTD | KATHMANDU | 38,649.00 |
| 15 | M.B KOREAN UPVC INDUSTRIES PVT.LTD | POKHARA | 3,079.19 |
| 16 | MATHAIRAJ ENGINEERING CONSULTANCY AND CONS.SEWA | BAITADI | 6,233.56 |
| 17 | METRI CONSTRUCTION PVT.LTD | DANG | 6,792.02 |
| 18 | RA House | MAHENDRANAGAR | 2,798.18 |
| 19 | RHYTHM AND REMASH BUILDERS | KATHMANDU | 33,262.36 |
| 20 | SAINO PREFAB AND CONSTRUCTION PVT.LTD | NEPALGUNJ | 1,868.06 |
| 21 | SAMRIDDHI NIRMAN SEWA | JHAPA | 13,716.76 |
| 22 | SARU TRADING | POKHARA | 2,198.18 |
| 23 | SEWARO CONSTRUCTION & SUPPLIERS | BIRTAMOD | 6,025.29 |
| 24 | SMART NEPAL HOUSING | TANAHU | 7,045.55 |
| 25 | Sumit Karki | KATHMANDU | 1,671.25 |
| 26 | WELLNESS CONSTRUCTION & MULTIPURPOSE COMPANY PVT | BAHIRAHAWA | 10,770.74 |

## PENDING PROJECTS

| SN | PROJECT NAME | LOCATION | ROOF & WALL | UPVC | DOOR |
|---|---|---|---|---|---|
| 1 | Gandaki University | Pokhara | 2000sqm | | |
| 2 | Education Ministry ( Provience) | Bagmati Province | 10000sqm | | |
| 3 | Gaurisankar Hydro | Solukhmbu | 3000sqm | 1000 | 250 |
| 4 | Nuwakot Coldstore (puff) | Nuwakot | 10000sqm | | |
| 5 | Aaroh Fertilizers | Janakpur | 3000sqm | | |
| 6 | Applo Hydro Power | Okhaldunga | 1000sqm | 234 | 206 |
| 7 | Dry Port | Birgunj | 1000sqm | | |
| 8 | Bisal Group Hydro | Rammechap | 1000sqm | | |
| 9 | Miklajung rural Hospital | Jhapha | 2500sqm | | |
| 10 | Helambu School project | Helambu | 500 SQm | | |
| 11 | Building partition project | Morang Sunsari | 5000 SQM | | 500SQM |
| 12 | Cold store Project | Pokhara | 5000 SQM | | |
| 13 | CIAA Building Roofing Project | Province 2 | 1000SQM | | |
| 14 | Ministry of Sports | Kathmandu | 1000 SQM | | |
| 15 | Municipality hall | Sitingba Municipality | 500 SQM | | |
| 16 | Cold Chamber Project | Nepal | 1000SQM | | 357 |
| 17 | Nuwakot Coldstore (puff) | Nuwakot | 500 SQM | | |
| 18 | COLD STORE PROJECT | Kohalpur | 20000 SqFt | | |
| 19 | MUSHROOM FACTORY PROJECT | Chitwan | 15000 SqFt | | |

# SY Panel Nepal Limited


सुविधानगर, तिनकुने, काठमाडौं
**फोन:** ०१ - ४१११७०४


## कारखाना


रत्ननगर १४, पिठुवा, चितवन
**फोन:** ०५६ - ५६०२७४, ५६०६४४


## मार्केटिङ


विमल गोसाई : ९८५११४९८०४
सशी शाह : ९८०३२४७४८५
दिपक लुङ्गेली : ९८२३१३२२०६
अविरल जिम्बा : ९८४९५७०३३८
अनिल सापकोटा : ९८०३२३१९७१ (चितवन)
राम काजी तामाङ : ९८४४२०४०४०
रुजन कोजु : ९८४११३३९९८
रविन श्रेष्ठ : ९८०३२५५६९३


### पत्रचार गर्ने ठेगाना


synepal34@gmail.com
synepal.com


### हामी सँग सामाजिक सञ्जालमा जोडिन


facebook.com/sypanelnepal
instagram.com/sypanel.np
youtube.com/c/sypanelnepal